## अनुसूची १

नगर कार्यपालिकाबाट पारित मिति: २०७४/१०/०६

नगर कार्यपालिकाबाट प्रमाणित तथा प्रमाणिकरण मिति:२०७४/१०/०६

राजपत्रमा प्रकाशित मिति:२०७४/१०/०६

छेडागाड राजपत्र

छेडागाड नगरपालिकाद्वारा प्रकाशित

खण्ड १) कार्कीगाउँ, जाजरकोट माघ ०६ गते, २०७४

भाग ४

# छेडागाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको छेडागाड नगरपालिका नगर कार्यपालिकाको वैठकले गरेका तल लेखिए बमोजिमको निर्णयहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७४ सालको निर्देशिका नं.१

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# छेडागाड नगरपालिकामा बालबालिकाको संगठन निर्माण र सहजीकरण निर्देशिका, २०७४

## (बालसमूह तथा सञ्जाल सहजीकरण सहयोगी पुस्तिका)

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

**प्रकाशक**

छेडागाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

६ नं प्रदेश, नेपाल ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# खण्ड क:
# बालबालिकाको संगठन स्वतन्त्रता मार्गदर्शन

## १. सहजीकरण मार्गदर्शनको बारेमा

बालअधिकार र बालविकास अभियान सन् १९८० को दशकमा शुरु भएको बालबालिकाका लागि बालबालिकाबाटै (Child to Child) अभियानको गतिविधिसँगै नेपालमा सन् १९८९ तिरबाट शुरु भएको पाइन्छ (दाहाल, २०१४) । यही अभियानले नै बालबालिकाको आफ्नै संगठन निर्माण गर्न र संगठित सहभागिताको प्रवर्द्धन गर्ने कार्यको आरम्भ भएको मान्न सकिन्छ । नेपालमा २०४६ को प्रजातान्त्रिक परिवर्तनसँगै सन् १९९१ तिरबाट गैरसरकारी संस्थाहरूले बाल क्लव निर्माण र सहजीकरणको प्रक्रिया शुरु गरेको पाइन्छ (हार्ट, राजभण्डारी र खतिवडा, १९९७) । सन् १९९३ तिर गैससंहरूले सहभागितात्मक अनुसन्धान प्रक्रिया अन्तर्गत अनुसन्धान प्रक्रियामा बालबालिकाको संगठित सहभागिता प्रवर्द्धन गरेको पाउन सकिन्छ। विद्यालयमा बाल क्लवहरूको निर्माण र परिचालन भने सन् १९९७ तथा १९९८ बाट बालचेतना समूह र बालअधिकार मञ्चहरूको गठन गरेर शुरु भएको पाउन सकिन्छ (राजभण्डारी, हार्ट र खतिवडा २००२) । केन्द्रीय बालकल्याण समितिको प्रतिवेदन अनुसार नेपालमा करीब २२ हजार बालक्लवहरू रहेका छन्, जसमा ६ लाख बालबालिका संगठित र सक्रिय रहेका छन् (केबाकस, २०७३) । बालक्लवहरूले नगरपालिकामा सामाजिक परिवर्तनलाई उत्प्रेरणा गरेका थुप्रै प्रतिवेदन र उदाहरणहरू पाउन सकिन्छ । कुलत र कुसंस्कृति विरुद्ध, बालविवाहका विरुद्ध, समान शैक्षिक अवसरका लागि, हिंसा दुर्व्यवहार शोषण विरुद्ध तथा सामाजिक सद्भाव, शान्ति कायम गर्न तथा मानवीय राहत र संकटमा पनि बालक्लवहरूले सक्रिय संगठनको रुपमा भूमिका खेलेका छन् । नेपाल दक्षिण एशियामा नै बाल क्लवहरूको निर्माण र सञ्चालनमा अग्रपंक्तिमा पर्दछ र यस छेडागाड नगरपालिकामा समावेश साविकका गाउँ विकास समितिहरुमा रहेका विद्यालयहरुमा वाल क्लवहरु गठन भई हाल सम्म पनि संचालनमा रहेका छन् । बालक्लव बालसहभागिताको प्रवर्द्धनको पर्यायको रुपमा लिइएतापनि पछिल्ला केही अवधिमा बालक्लव सहजीकरण, सञ्जाल निर्माण र व्यवस्थापनमा केही अप्ठ्यारा पनि देखापरेका छन् । विशेषत: नगरपालिकामा बाल समूहहरूको विस्तारमा श्रोतको विनियोजन अभाव, वयस्क सहजकर्ताहरूको अभाव, राजनीतिक हस्तक्षेप र पक्षपोषण क्षेत्रमा भएको स्रोतको दुरुपयोग, बाल समूहका सदस्यहरूको संरक्षणको सवाल तथा बाल क्लवमा आर्थिक र सांगठनिक व्यवस्थापनमा विकृतिहरू देखापर्नु एक महत्वपूर्ण चुनौतीको रुपमा रहेको छ । नेपाल सरकारको बालबालिका सम्बन्धी नीति, २०६९ तथा छेडागाड नगरपालिकाको चालु वर्षको नीति तथा कार्यक्रमले बालसहभागितालाई प्रवर्द्धन गर्ने र बालक्लवहरूको निर्माण र संगठित सहभागितालाई प्रभावकारी ढंगले व्यवस्थापन गर्ने नीति लिएको छ । पछिल्ला वर्षहरूमा बाल क्लवहरू जिल्ला बालकल्याण समितिमा आवद्धता लिनुपर्ने व्यवस्था पनि लागू गरिएको छ । त्यसैगरी बालमैत्री स्थानीय शासनले स्थानीय शासन प्रणालीमा, बालमैत्री कार्यक्रम व्यवस्था तथा बालअधिकार प्रवर्द्धनका अभियानहरूमा बालक्लवहरूको व्यवस्थित सहभागितालाई एक प्रमुख पद्धति र सूचकको रुपमा लिएको छ । बालबालिकाको संगठन स्वतन्त्रता र सहभागिताको अधिकारको पर्याप्त र व्यवस्थित सम्मान, संरक्षण तथा संवर्द्धनका लागि सहज र सहयोगी परिवेश निर्माण गर्न तथा बालसंगठनहरूको सहजीकरणमा स्थानीय सरकार, बालअधिकारकर्मी, गै.स.स. एवं सामाजिक कार्यकर्तालाई सहयोग पुऱ्याउने उद्देश्यले यो मार्गदर्शन तयार गरिएको हो । यो मार्गदर्शन तयारीका क्रममा बालबालिकाको सहभागिताको अधिकार र संगठन स्वतन्त्रताको सन्दर्भमा स्थापित अन्तर्राष्ट्रिय मान्यता तथा मापदण्डहरू, नेपालको अभ्यासगत



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुभवहरू तथा नेपालको संविधान र प्रचलित कानून, विद्यमान नेपाल कानून र यस नगरपालिकाका प्रचलित कानूनहरुः ऐन, कानून, नीति तथा निर्देशिकाहरूलाई आधार बनाइएको छ ।

**२. बालबालिकाको संगठन स्वतन्त्रताको बारेमा**

बालबालिकाको संगठन स्वतन्त्रतालाई मुलभूत रुपमा बालबालिकाको नागरिक अधिकार र हैसियत तथा त्यस हैसियतबाट सिर्जित उनीहरूको सहभागिताको अधिकारसँग सम्बन्धित गरेर हेरिनुपर्दछ । बालबालिकाको संगठन स्वतन्त्रता निरपेक्ष अभ्यास नभई यसले बालबालिकाको जीवन, राज्य र समाजसँग उनीहरूको सम्बन्ध र अन्तर्क्रियालाई प्रभावित पार्ने स्वस्फूर्त, सचेत, जिम्मेवार र संगठित पहलका रुपमा हेरिनुपर्दछ ।

यस परिच्छेदमा बालबालिकाको संगठन स्वतन्त्रताको सैद्धान्तिक, नीतिगत र व्यवहारिक पक्षका बारेमा विश्वव्यापी भएका चर्चा, अध्ययन र अनुसन्धानहरूका आधारमा स्पष्ट पार्ने प्रयत्न गरिएको छ । नेपालमा बालबालिकाको संगठन स्वतन्त्रताको सन्दर्भमा चर्चा गरिरहँदा यसको प्रमुख नीतिगत आधारबिन्दु नेपालको संविधानको मौलिक हक अन्तर्गतको धारा ३९ को बालबालिकाको हक अन्तर्गत उपधारा ३ मा उल्लेखित प्रावधान, नेपालको बालबालिका सम्बन्धी नीति, २०६९ को अनुच्छेद ८.४२ र ८.४३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा कार्यान्वयन कार्यविधि, २०६८

**बालबालिकाको संगठन स्वतन्त्रतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरु**

**नेपालको संविधानको धारा ३९ (३)**

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ :**

८.४० जिल्ला तथा समुदायमा गठन गरिने बालबालिका सम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । बालबालिका सम्बन्धी नीति, ऐन तथा नियमहरुमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सुसूचित भई विना भेदभाव परिवार देखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिनेछ ।

८.४२ स्थानीय स्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बालगृह, बालसुधार गृह समेतमा बालसहभागिता प्रवर्द्धन गर्न बालबालिकाको संगठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ ।

८.४३ बालक्लव तथा बालसंस्था दर्ता गर्ने प्रक्रिया सरल गरिनेछ । विद्यालय, समुदाय, बालगृह लगायत बालबालिका सामूहिक र संस्थागत रुपमा रहने क्षेत्रहरुमा बालक्लव स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउँ तथा नगरपालिका स्तरमा बालक्लव सञ्जालहरु विस्तार गरिनेछ । बालक्लव तथा बालसंस्था सञ्चालनका लागि आवश्यक आचारसंहिता तथा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ ।

**बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ अनुसूची १.१ सेवा प्रवाह सम्बन्धी सूचकहरु**

*घ) बालसहभागिता सम्बन्धी सूचकहरु :*

- नगरपालिकाको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्रको विकास गरी सहभागी गराइएको हुनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व हुनेछ ।
- नगरपालिकाको प्रत्येक वडामा बालसमूहको सञ्जाल गठन भई क्रियाशिल रहेको हुनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

- नगरपालिका तहमा बालक्लव सञ्जाल गठन भएको हुनेछ । बालअधिकार महासन्धि, १९८९ को धारा १५

१. पक्ष राष्ट्रहरुले बालबालिकाको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारको सम्मान गर्नेछन् ।

२. यी अधिकारहरुको प्रयोगमा कानून बमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरु बाहेक अन्य कुनै पनि प्रतिबन्धहरु लगाउन पाइने छैन । सेवा प्रवाह सम्बन्धी सूचकहरूमा तथा बालअधिकार महासन्धिको धारा १२, १३, १५ र १६ को भावना र मुख्य विषयहरू तथा यसका सीमितताहरूको बारेमा स्पष्ट हुन जरुरी हुन्छ । बालबालिकाको संगठन स्वतन्त्रता र सहभागिताको अधिकारलाई संयुक्त रुपमा बुझ्दा यी दुबै एकअर्काका परिपूरक देखिन्छन् । संगठन स्वतन्त्रताले बालबालिकाको स्वतन्त्र र सचेत तथा संगठित प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्दछ भने सहभागिताले अधिकारको सम्मान र सुनिश्चितताको उपादेयतालाई पुष्टी गर्दछ । संगठन स्वतन्त्रता र सहभागितालाई बालबालिकाको नागरिक अधिकारको रुपमा अध्ययन गर्दा यसले बालबालिकाको निम्ति चार प्रमुख अवसरहरू सिर्जना गर्ने देखिन्छ (थेइस, २०१०):

**नागरिक हैसियत र संलग्नता :**

बालबालिकासम्बन्धी सामुदायिक कार्य,सेवा तथा साथी शिक्षा लगायत बालअधिकार र सरोकारका सवालमा सामाजिक अभियन्ताका रुपमा संगठित र सक्रिय हुने अवसर प्राप्त गर्दछन् ।

**बालबालिकाको सञ्चारमाध्यममा सक्रियता:**

संगठित बालबालिकाले आफ्ना विचार र दृष्टिकोणहरूलाई व्यवस्थित र स्वीकार्य रुपमा सञ्चारमाध्यमहरूका माध्यमबाट प्रस्फुटन गर्न र आम नागरिक, नीति निर्माता तथा जिम्मेवार वयस्कहरूसम्म पुऱ्याउन सक्दछन् । एक्ला एक्लै बालबालिकाले यस्ता अवसरहरू कमै मात्रामा पाउन सक्छन् र त्यसको स्वीकार्यता पनि कम हुन्छ ।

**सार्वजनिक निर्णयहरूलाई प्रभावित पार्ने अवसर :**

लोकतान्त्रिक शासन प्रणालीमा संगठित प्रतिनिधित्वले स्वीकार्यता र विचारहरूको प्रतिनिधित्वलाई मान्यता दिन सहयोग पुग्दछ । यसरी बालबालिकाको सार्वजनिक निर्णय र सरोकारका विषयहरूमा आफ्ना भनाइहरू राख्नमा संगठित प्रतिनिधित्व महत्वपूर्ण र सर्वस्वीकार्य माध्यम बन्न सक्दछ ।

**लोकतान्त्रिक पद्धति तथा संगठन क्षमताको विकास :**

बालबालिकाको संगठनले उनीहरूलाई केवल संगठित शक्ति र प्रभावको प्रयोग मात्र गर्न सिकाउँदैन बरु जिम्मेवारीपूर्वक समन्वय गर्न, संगठन व्यवस्थापनका सिपहरू सिक्न र त्यस अनुरुप आफूलाई विकास गर्न मद्दत गर्दछ । तसर्थ बालबालिकाको संगठन स्वतन्त्रता बालबालिकाको लागि अनुशासन, एकता, विविधताको सम्मान र व्यवस्थापनका सवालहरूमा सामूहिकीकरण र फरकमतको संरक्षण र सम्मान गर्ने सिकाउने शान्तिपूर्ण लोकतान्त्रिक अभ्यासको मञ्च हुन सक्दछ । बालबालिकाको संगठनले बालबालिकालाई राजनीतिक पहिचान र सामाजिक सम्मान प्रदान गर्न मद्दत पुऱ्याउँदछ । साथै सामाजिक शक्ति संरचनामा शक्ति सन्तुलन, अल्पसंख्यक समुदायको पहिचान र असल साँस्कृतिक अभ्यासहरूको संरक्षण र सम्वर्द्धन गर्ने अवसर पनि प्रदान गर्दछ ।

**बालबालिकाको संगठन स्वतन्त्रता के हो ?**

विभिन्न अध्ययन, अनुसन्धान तथा महासन्धिका प्रावधानहरूका बारेमा भएका व्याख्याहरूका आधारमा बालबालिकाको संगठन स्वतन्त्रतालाई निम्नानुसार बुझ्न सकिन्छ :



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

क. बालबालिका स्थायी रुपमा वा कुनै विशेष उद्देश्यले शान्तिपूर्ण भेला हुनु र सामूहिक संस्था वा समूह स्थापना गर्नु नै संगठन स्वतन्त्रता हो ।

ख. संगठन स्वतन्त्रताले बालबालिकालाई एक आपसमा सहमत भई आफ्नै पहिचान सहितको समूह खडा गर्ने स्वतन्त्रता प्रदान गर्दछ ।

ग. संगठन स्वतन्त्रताले बालबालिकालाई कुनै समूहमा आवद्धताको लागि प्रयत्न गर्ने, वा समूहबाट बाहिरिन तथा कुनै समूहमा संलग्न नभई स्वतन्त्र रहने मार्ग पनि प्रशस्त गरेको छ ।

घ. बालबालिकाको संगठन स्वतन्त्रताले संगठन उद्देश्य, प्रक्रिया, संगठन स्वरुप र सञ्चालन प्रणालीका दृष्टिकोणबाट वयस्कहरूको संगठन भन्दा बिल्कुलै फरक हुन सक्दछ ।

ङ बालबालिकाको संगठन स्वतन्त्रता उनीहरूको संगठित राजनीतिक पहिचान हो, तर यस्ता संगठनहरू कुनै पनि राजनीतिक विचाधारात्मक वा दलगत विशेषसँग नजिक हुन सक्दैन र त्यसरी प्रयोग गरिन हुँदैन ।

च. बालबालिकाको संगठनले उनीहरूको सामूहिक प्रतिनिधित्वलाई स्वीकार्य बनाउन सक्दछ तर उनीहरूको सामूहिक कर्तव्य, जिम्मेवारी, उत्तरदायित्वको पनि माग गर्दछ ।

छ. बालबालिकाको संगठनले संगठित नभएका बालबालिकाको सहभागिता र सरोकारलाई निषेध गर्ने वा संकुचित गर्न सक्दैन ।

ज. बालबालिकाको संगठन स्वतन्त्रता निरपेक्ष अधिकार होइन, बालबालिकाको संरक्षण, सर्वोत्तम हित तथा सामाजिक सुव्यवस्था र अन्य समूहको स्वतन्त्रता र अधिकार रक्षाका निम्ति यस स्वतन्त्रतालाई सीमित गर्न सकिन्छ ।

झ. बालबालिकाको संगठन स्वतन्त्रताको निम्ति बालबालिकाको स्वतन्त्र र सचेत स्वेच्छा, सर्वोत्तम हित, अन्य हकअधिकारहरूको सम्मान र संरक्षण, वयस्कहरूको सहजीकरण तथा अविभावकको सहमति अनिवार्य शर्त हुन् ।

ञ. बालबालिकाको संगठन औपचारिक र अनौपचारिक दुबै ढंगले सञ्चालन हुन सक्दछ तर राज्यका निकाय वा संगठित संस्था वा समूहमा प्रतिनिधित्व र सहभागिताका निम्ति औपचारिक प्रणालीले स्वीकार र पहिचान गरेको हुनुपर्दछ ।

ट. बालबालिकाका संगठन तथा समूहलाई राज्यका निकायले उचित पहिचान र सम्मान दिनुपर्दछ । त्यस्ता संगठन र समूह दर्ता वा सूचीकरण हुन सक्दछ । तर, अत्यधिक नियम र प्रक्रियाहरूबाट बाँधिनु हुँदैन ।

३. नेपालमा देखिएको बालसंगठन निर्माण र सहजीकरणका अनुभवहरू नेपालमा बाल समूह गठन र परिचालनको अभ्यास करिब ३ दशक अघिबाट शुरु भएको हो । २०४६ को परिवर्तनसँगै नागरिकहरूको संगठन स्वतन्त्रतामा आएको नीतिगत परिवर्तन र लोकतान्त्रिक अभ्यासको परिणामस्वरुप बालबालिकाका समूहहरू पनि गठन भई सामाजिक परिवर्तनमा नेतृत्व र सहभागिता जनाएको पाइन्छ । यस तीन दशकको अवधिमा मुलुकभर करिब २३ हजार बाल समूहहरू गठन भएका र स्थानीय सरकार, विद्यालय तथा विभिन्न संस्थाहरूको सहजीकरणमा सक्रिय रहेको पाइन्छ । नेपालको सर्वोच्च अदालतले बालअधिकार महासन्धि र तत्कालीन नेपालको संविधानका आधारमा वि.सं. २०५८ मा नेपाल सरकार विपक्षी र जागृति बालक्लव नवलपरासी पक्ष रहेको मुद्दामा बालबालिकाको पनि संगठन स्थापना गर्ने स्वतन्त्रता रहेको र उक्त संगठनहरूलाई राज्यले उचित पहिचान दिनुपर्ने निर्णय गरेको थियो । नेपाल सरकार केन्द्रीय बालकल्याण समिति तथा विभिन्न संघ/संस्थाको सहयोगमा आ.व.२०६८/६९ मा गरेको राष्ट्रिय अध्ययनमा बालक्लवका गतिविधिले बालबालिकामा आत्मविश्वास, सामुदायिक पहिचान र मान्यता, सूचनामा पहुँच तथा आधारभूत



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

सेवाहरूमा पहुँच अभिवृद्धि भएको निष्कर्ष निकालिएको छ । सोही अध्ययनले बालमैत्री स्थानीय शासन कार्यक्रमका कारण बाल समूहका सदस्यहरूले स्थानीय योजना निर्माण र विकास प्रक्रियामा पहिचान सहित सक्रिय सहभागिता हुने अवसर प्राप्त भएको बताएको छ । उक्त अध्ययनले बाल समूहहरूले अत्यन्त सिमान्तकृत र अपाङ्गता भएका बालबालिकाको पहुँच, प्रतिनिधित्व र सहभागिता कम भएको, वयस्कहरूको प्रभाव धेरै रहेका देखाएको छ । निश्चित मार्गदर्शन अभावका कारण सहजकर्ताको भूमिका अस्पष्टता रहेको र कतिपय अवस्थामा बाल समूहमा दलगत राजनीतिले प्रवेश पाएको निष्कर्ष प्रस्तुत गरेको थियो । अध्ययनले बाल समूहको नेतृत्वप्रणाली,शक्ति र अधिकारमा आधारित तथा सूचीकरण प्रक्रिया झन्झटिलो भएको, सहजीकरण गर्ने संस्थाहरूको नियन्त्रणकारी भूमिका रहेको पनि उजागर गरेको छ। अध्ययनले बाल समूह गठन तथा सहजीकरणका लागि स्पष्ट मार्गदर्शन, सहजकर्ता तथा अभियानकर्ताहरूमा हुनुपर्ने धारणागत स्पष्टता र क्षमता विकासको विषय तथा बाल समूह र राज्यप्रणालीको सम्बन्ध अझ स्पष्ट र नजिक बनाउनका लागि सिफारिश गरेको छ। यसरी नेपालमा बाल समूहहरू संख्यात्मक, गुणात्मक र प्रभावका हिसाबले उल्लेखनीय रहेको भए तापनि नीतिगत स्पष्टता र एकीकृत मार्गदर्शनका अभावमा केही अभ्यासगत समस्याहरू पनि सृजना भएको देख्न सकिन्छ ।

**४. बाल समूह तथा सञ्जाल सम्बन्धी आधारभूत मार्गदर्शन**

क) बाल समूहको परिचय

१) सामान्यतया २५ जना वा सोभन्दा बढी बालबालिका स्वस्फूर्त रुपमा सामूहिक कार्य गर्न संगठित भएका छन् भने त्यसलाई बाल समूह मान्ने गरिएको छ।

२) बाल समूहलाई स्थानीय स्तरमा राज्यका अधिकारप्राप्त निकायले संरक्षकत्व, सूचीकरण वा अन्य यस्तै पहिचान प्रदान गर्दछन ।

३) सामान्यतया बाल समूहहरू बालअधिकारको प्रचारप्रसार गर्न, बालबालिकाका सरोकारका विषयहरूलाई सामूहिक रुपमा उठान गर्न, सामुदायिक स्वयंसेवा गर्न, प्रतिभा प्रस्फुटन तथा व्यक्तित्व विकासका अवसरहरू सृजना गर्न, खेलकुद तथा अन्य बालमैत्री मनोरञ्जन गतिविधिहरू सञ्चालन गर्न निर्माण भएका हुन सक्छन् ।

४) वयस्कहरू बालक्लवका जिम्मेवार सहजकर्ता हुन्छन् भने बालबालिका स्वतन्त्र र सचेत योजनाकार र कार्यान्वयनकर्ता हुन्छन् ।

५) बाल समूह निश्चित प्रक्रिया र स्वअनुशासनको पालना गर्ने अनौपचारिक संगठनहरू हुन् ।

**बाल समूह तथा संगठनहरू मूलतः ५ किसिमका गठन गर्न सकिन्छ :**

**१ समुदायमा आधारित बाल समूहहरू :**

कुनै निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहहरू समुदायमा आधारित बाल समूहहरू हुन्। नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडाभित्र बाल समूह गठन गर्न सकिन्छ। यस्ता बाल समूहले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चितता गर्नुपर्दछ। यसरी बन्ने बाल समूहमा उक्त क्षेत्रभित्र बसोबास नभएको बालबालिका भने सदस्य नभएको राम्रो हुन्छ।

**२ विद्यालयमा आधारित बाल समूहहरू :**

कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालयभित्र बालअधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहहरू विद्यालयमा आधारित बाल समूहहरू हुन् । विद्यालयमा आधारित बाल समूहहरूले सबै जातजाति, कक्षा, लिंग र शारीरिक हैसियतका बालबालिकाको उचित



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसरी बन्ने बाल समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भएको हुनुपर्दछ ।

**३ विषयगत बाल समूहहरू :**

समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर पनि बाल समूह गठन गर्न सकिन्छ । बालिकाहरूको सवालमा मात्र काम गर्न, जलवायु परिवर्तन र बालअधिकारका विषयमा कार्य गर्न, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न विशिष्ट ढंगले विषयगत बाल समूहहरू गठन गर्न सकिन्छ । यस्ता बाल समूहहरू मूलतः समुदायमा स्थापना भएको राम्रो हुन्छ । विद्यालयभित्र भने विद्यालय स्तरीय बाल समूहकै उपसमितिका रुपमा यस्ता विषयगत समूहहरू बनाउन सकिन्छ ।

**४ विशिष्टीकृत बाल समूह :**

अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरूले विशेष किसिमका स्वयंसेवी प्रकृतिका बाल समूह गठन गर्न सक्छन् । जस्तै जुनियर रेडक्रस र स्काउट । यी विशेष प्रकृतिका सामुदायिक स्वयंसेवी बाल समूहहरू हुन् । यिनीहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन्छन् ।

**५ बाल समूह सञ्जाल :**

स्थानीय गाउँ वा नगर स्तरमा सूचीकृत भएका बाल समूहहरू एक आपसमा भेला भई एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामूहिकीकरण गर्न बाल समूह सञ्जाल गठन गर्न सक्दछन् । यस्ता बाल समूहहरुको सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित हुन सक्दछन् ।

**५ बाल समूह सञ्जाल :**

ख) बाल समूह तथा सञ्जालको गठन विधि र प्रक्रिया बाल समूह तथा सञ्जाल गठनका मूलभूत मान्यताहरू निम्न रहेका छन् :

**सुसूचित :**

बालबालिका कुनै पनि समूह गठन गर्नु अघि उनीहरू किन र केका लागि संगठित भइरहेका छन्, उक्त समूहमा उनीहरूको भूमिका के हुन्छ तथा त्यसका लागि लाग्ने समयका बारेमा सुसूचित हुनुपर्दछ । बालबालिकालाई सम्बन्धित विषयमा जानकारी तथा सूचना दिने काम बाल समूह गठन गर्न सहजीकरण गर्ने संस्था वा स्थानीय सामाजिक परिचालक वा स्थानीय बालमैत्री शासन समितिका सदस्यहरूको हो ।

**स्वतन्त्र र स्वस्फूर्त :**

बाल समूह गठन गर्नुको औचित्य र आफ्नो भूमिका तथा आवश्यक लगानीका बारेमा सचेत भइसकेका बालबालिका कुनै बाल समूहमा सदस्य बन्ने वा नबन्ने भन्ने कुरामा उनीहरूको स्वतन्त्र र स्वस्फुर्त निर्णय हुनुपर्दछ । कुनै पनि बालबालिकालाई निश्चित बाल समूहमा आवद्ध रहन वा नरहनका लागि शिक्षक, सामाजिक कार्यकर्ता, अविभावक वा स्थानीय वयस्क,समूह सदस्यहरूले दवाब दिन हुँदैन ।

**लोकतान्त्रिक अभ्यास :**

बाल समूहले सदस्य तथा संयोजन समूह वा नेतृत्वको चयन गर्दा लोकतान्त्रिक अभ्यास र संस्कृतिलाई मान्यता दिइनुपर्दछ । बाल समूहको नेतृत्व चयन प्रक्रियामा सकेसम्म निर्वाचन गर्ने र बालबालिका एक आपसमा अस्वस्थ प्रतिस्पर्धा गर्ने वातावरण बन्न दिनुहुँदैन ।

**लोकतान्त्रिक अभ्यास भन्नाले बालबालिकाले निम्न अभ्यासहरू अवलम्बन गरून् भन्ने हो :**

क. फरक मत र विचारहरूको प्रतिस्पर्धालाई सजिलै स्वीकार गरून् ।

ख. प्रतिस्पर्धाको दौरान र नेतृत्वको चयन पश्चात् पनि एक आपसमा मैत्रीपूर्ण, सम्मानजनक सम्बन्ध, सहकार्य र सहयोगी भावना कायम राखुन् ।

ग. बालबालिकाले प्रतिस्पर्धी र इच्छुकहरूलाई समेट्न सकिने आफ्नै विकल्पहरू सुझाउन् र सकेसम्मा नेतृत्व गर्न इच्छुक बालबालिकाले कुनै न कुनै जिम्मेवारी र भूमिका पाऊन् भन्ने सुनिश्चितता होस् ।

घ. बालबालिकामाझ जातजाति, धर्म, व्यक्तिगत हैसियत वा वयस्कहरूको समर्थन वा विरोधका आधारमा आफ्नो माग दावी गर्ने नभई केवल बालअधिकार प्रवर्द्धन अभियानमा केही गर्ने भावना र चाहनाका आधारमा मात्र भूमिकाको दाबी गर्ने वातावरण बनोस् ।

ङ. बालबालिकाले आफ्नो भूगोल, क्षेत्र वा विषयबाट प्रभावित हुने सबै समूहको प्रतिनिधित्व सुनिश्चित गरून् ।

च. नेतृत्व सम्हाल्नु भनेको अधिकारको उपयोग मात्र नभई कर्तव्य र उत्तरदायित्वको पालना पनि हो भन्ने भावना स्थापित होस् ।

**समावेशी :**

बाल समूहको गठन तथा सञ्चालन प्रक्रियामा बाल समूहको नेतृत्व समूह तथा कार्यक्रमहरू उमेर, लिंग, जातजाति, तथा शारीरिक हैसियतका आधारमा समावेशी हुने कुराको सुनिश्चित गर्ने ।

**उपयुक्त कार्यभार :**

बाल समूहको नेतृत्व तथा जिम्मेवारी बहन गर्ने क्रममा बालबालिकाको अध्ययन, व्यक्तिगत जीवन र पारिवारिक जिम्मेवारी तथा उसका अन्य जिम्मेवारीहरूको पनि ख्याल गरिनुपर्दछ । एकै व्यक्ति एकभन्दा बढी बाल समूहको नेतृत्व गर्ने वा दुईभन्दा बढी बाल समूहको सदस्य
बन्न दिनु उपयुक्त हुँदैन ।

**जिम्मेवारी र अवसरको उपयुक्त र समुचित वितरण :**

बाल समूहका नेतृत्व गर्ने निश्चित सदस्यले मात्र सबै भूमिका, प्रतिनिधित्व र अवसरहरूको उपभोग गर्ने सवाललाई निरुत्साहित गरिनुपर्दछ । बाल समूहका सबै सदस्यहरूमाझ उमेर, क्षमता र उसका अन्य जिम्मेवारीहरूका आधारमा अवसरहरूको उपभोग तथा जिम्मेवारीहरूको समुचित वितरण गरिनुपर्दछ । अध्यक्ष वा सचिवले मात्र सबै जिम्मा लिने अभ्यासलाई निरुत्साहित गरिनुपर्दछ ।

**जिम्मेवारी र अवसरको उपयुक्त र समुचित वितरण :**

वयस्क सहजकर्ताको अनुपस्थितिमा बाल समूहको गठन र सञ्चालन प्रभावकारी नहुन सक्दछ । त्यसैले बाल समूहहरूले आफ्नो सहजकर्ता संस्था वा व्यक्तिको छनौट गर्नुपर्दछ । बाल समूहका सहजकर्ता बाल समूहका निर्णय र कार्यान्वयन प्रक्रियालाई उनीहरूको सर्वोत्तम हित, बालमैत्री प्रक्रिया तथा प्रचलित नियम कानूनको आधारमा रही सहजीकरण गर्ने व्यक्ति मात्र हुन्, निर्णायक व्यक्ति वा निकाय होइनन् ।

**वयस्क सहजकर्ताको चयन :**

वयस्क सहजकर्ताको अनुपस्थितिमा बाल समूहको गठन र सञ्चालन प्रभावकारी नहुन सक्दछ । त्यसैले बाल समूहहरूले आफ्नो सहजकर्ता संस्था वा व्यक्तिको छनौट गर्नुपर्दछ । बाल समूहका सहजकर्ता बाल समूहका निर्णय र कार्यान्वयन प्रक्रियालाई उनीहरूको सर्वोत्तम हित, बालमैत्री प्रक्रिया तथा प्रचलित नियम कानूनको आधारमा रही सहजीकरण गर्ने व्यक्ति मात्र हुन्, निर्णायक व्यक्ति वा निकाय होइनन् ।

**अविभावकको सहमति :**



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

बालबालिका बाल समूहको नेतृत्वमा चयन हुनका लागि उनीहरूको अविभावकको सहमति अनिवार्य रहन्छ । यदि विद्यालयमा आधारित बाल समूह हुन् भने सञ्जाल लगायतका नेतृत्वमा सहभागी हुन विद्यालयको पूर्व सहमति पनि लिनु जरुरी हुन्छ ।

**ग) बाल समूह तथा सञ्जालको सहजीकरण र सञ्चालन**

**बालअधिकार प्रमुख सरोकार :**

बाल समूह तथा सञ्जालले गर्ने हरेक गतिविधिहरू प्रत्यक्ष रुपमा बालअधिकारको संवर्द्धन, सम्मान र संरक्षणतर्फ उन्मुख हुनुपर्दछ । बाल समूहका बैठकमा समूह सञ्चालन र व्यवस्थापनका अतिरिक्त बालअधिकारका स्थानीय सवालहरूमा केन्द्रीत हुनुपर्दछ । बाल समूहले गर्ने गतिविधि बालअधिकारको प्रचार प्रसार, अनुगमन तथा समुदायमा रहेका जिम्मेवार निकायहरूको निर्णयलाई सकारात्मक ढंगले प्रभावित पार्ने उद्देश्यका साथ गरिनुपर्दछ ।

**बालमैत्री गतिविधि :**

बालबालिकाले बाल समूहमार्फत् सञ्चालन गर्ने गतिविधिहरू बालमैत्री हुनुपर्दछ । बालमैत्री गतिविधि भन्नाले विभिन्न उमेर समूहका बालबालिकाका लागि रुचिकर, सुरक्षित, सृजनात्मक, अहिंसात्मक तथा सन्देशमुलक हुनुपर्दछ । बाल समूहहरूले पाँच वर्षभन्दा कम उमेरका बालबालिकाका लागि, पाँच देखि दशवर्ष उमेर समूहका लागि, दश देखि पन्ध्रवर्ष उमेर समूहका लागि र पन्ध्र देखि अठारवर्ष उमेर समूहका लागि फरक फरक क्रियाकलापहरू आयोजना गर्न सक्छन । त्यसैगरी भूगोल, भाषा, संस्कृति र लिंगका आधारमा पनि विभिन्न गतिविधिहरू निश्चित गर्न सक्दछन ।

**गैर राजनीतिक गतिविधि :**

बाल समूहले गर्ने सबै कार्यक्रमहरू राजनीतिक एवं दलगत रुपमा तटस्थ तथा निष्पक्ष हुनुपर्दछ । बाल समूहले आफ्ना गतिविधिमार्फत् निश्चित दल, समुदाय वा समूहलाई मात्र उत्कृष्ट ठहऱ्याउने कार्य गर्नुहुँदैन ।

**अहिंसात्मक तथा शान्तिपूर्ण गतिविधि :**

बाल समूहले गर्ने सबै गतिविधिहरू अहिंसात्मक तथा शान्तिपूर्ण हुनुपर्दछ ।बाल समूहले सञ्चालन गर्ने गतिविधि हिंसा, भेदभाव तथा द्वन्द्वलाई प्रश्रय दिने खालको हुनुहुँदैन । धनजनको क्षति हुने खालका वा सार्वजनिक शान्ति र समुदायको अमन चयनमा असर पर्ने गतिविधिहरू बाल समूहले गर्न हुँदैन ।

**सुरक्षित गतिविधि :**

बाल समूहले सञ्चालन गर्ने सबै क्रियाकलापहरू बालबालिकाको संरक्षणको दृष्टिले सुरक्षित हुनुपर्दछ । बाल समूहले सञ्चालन गर्ने कार्यक्रम, कार्यक्रम स्थल तथा समय बालबालिकाको लागि सुरक्षित हुनुपर्दछ र उपयुक्त सुरक्षाको व्यवस्था गरिएको हुनुपर्दछ । बाल संरक्षणका लागि बाल समूहका सदस्यहरू आफ्नो स्थानबाट अन्यत्र कतै जानुपरेको अवस्थामा अनिवार्य रुपमा अविभावकको सहमति लिइनुपर्दछ र एक वयस्क संरक्षकको आवश्यकता पर्दछ ।

**लैङ्गिक तथा अपाङ्गतामैत्री :**

बाल समूहले आयोजना गर्ने बैठक, कार्यक्रमहरू बालिका तथा अपाङ्गता भएका सदस्यहरूको सहभागिताको दृष्टिले सुहाउँदो समय र स्थानमा आयोजना गर्नुपर्दछ ।

**गतिविधि तथा क्रियाकलापमा सीमितता :**

बाल समूहहरूले स्वतन्त्र रुपले बालअधिकार प्रवर्द्धनका निम्ति कार्य गरिरहँदा, अनपेक्षित रुपमा सामाजिक गुनासाहरू पनि आउन सक्छन् । कहिलेकाहीँ सुरक्षा र सामाजिक वातावरणमा शान्ति कायम राख्न बाल समूहका केही गतिविधिहरूलाई नगर्नका लागि रोक लगाउन पनि सकिन्छ । यसरी



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

बाल समूहको गतिविधि रोक लगाउने अधिकार सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति,स्थानीय सरकार र सुरक्षा निकायको मात्र रहन्छ ।

**घ) बाल समूह र अन्य निकायहरूको सम्बन्ध र सहकार्य**

बाल समूह एक सामुदायिक संस्था हो । यसले बालबालिकाको संगठित प्रतिनिधित्व गर्दछ र नगरपालिकामा बालबालिकाको राजनीतिक तथा नागरिक पहिचान स्थापित गर्न मद्दत गर्दछ । तसर्थ बाल समूहहरूले नगरपालिकामा रहेका अन्य निकाय तथा समूहहरूसँग निकटतम र स्वतन्त्र सम्बन्ध राख्नुपर्दछ । यस सम्बन्ध र सहकार्यका मूलभूत मान्यताहरू निम्न हुन् :

**बाल समूह एक स्वतन्त्र संगठन हो**

बाल समूह बालबालिका सम्मिलित एक स्वतन्त्र संगठन हो । बाल समूहहरू विषयगत आधारमा त्यस्तै विषयमा कार्यरत वयस्कहरूको समूह, संस्था वा राज्यका निकायसँग सरोकार राख्न सक्दछ तर बाल समूहहरू ती निकायका भातृ संगठन वा मातहत निकाय होइनन् । त्यसैले बाल समूहहरूले नगरपालिकामा क्रियाशील संस्था, समूह तथा निकायहरूमा बालबालिकाको दृष्टिकोण, सरोकार र सवालहरूलाई स्वतन्त्र पैरवी गर्न सक्छन् ।

**बाल समूह बालअधिकारको सवालहरूमा स्वीकार्य प्रतिनिधि हो**

बाल समूहले नगरपालिकामा बालबालिकाको संगठित प्रतिनिधित्व गर्ने हुँदा उनीहरू नै बालअधिकारका सवालहरूका लागि स्वीकार्य प्रतिनिधि हुन् । उनीहरूले प्रस्तुत गर्ने बालबालिकाका सरोकार र सवालहरू बालबालिकाले वा अन्य संस्था वा निकायले एकल रुपमा व्यक्त गरेका सवालभन्दा बढी मान्यता प्राप्त गर्नुपर्दछ ।

**बाल समूह अन्य सामुदायिक संस्था तथा निकायहरूको सहकर्मी संस्था हो**

बाल समूह केवल बालअधिकार सरोकारका विषयहरू उठान गर्ने, पैरवी गर्ने समूहमात्र होइनन् । बरु स्थानीय संघ संस्थाहरूसँग मिलेर विषयगत क्षेत्र वा समुदायमा बालअधिकार संरक्षण र सम्वर्द्धन गर्ने तथा बालबालिकाका सरोकारहरूलाई सम्बोधन गर्ने सहकर्मी समूह पनि हुन् । त्यसैले बाल समूहहरूले स्थानीय सरकार, स्थानीय संस्था तथा समूहसँग बालबालिकाका सवालमा साझेदारी र सहकार्य गर्न सक्दछन् ।

**बाल समूह नागरिक समूह हो**

बाल समूहहरू नागरिक संगठन तथा समूह हुन् । त्यसैले स्थानीय सरकार तथा स्थानीय राज्य संयन्त्रहरूले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहँदा प्रभावित नागरिक समुदायका रुपमा बालबालिकासँग पनि परामर्श र सहकार्य गर्नुपर्दछ । बाल समूहहरू स्थानीय बालबालिकाका प्रतिनिधिमूलक समूह भएकोले उनीहरूसँगको सहकार्य, परामर्श र साझेदारी समग्र स्थानीय बालबालिकाको प्रतिनिधिसँगको साझेदारी र सहकार्यको रुपमा लिन सकिन्छ ।

**बाल समुह गठन तथा सञ्चालन निर्देशिकाका सन्दर्भ सामाग्रीहरु**

नेपालमा बालबालिकाको स्थिति २०७३, केन्द्रीय बालकल्याण समिति हरीहरभवन ललितपुर बालसहभागिता निर्दे शका २०६३,केन्द्री य बालकल्याण समिति हरीहरभवन ललितपुर ***Dahal, B. P. (2014).****Child Participation in Schools of Nepal: Role and Contribution of Child Clubs; A Thesis Submitted to School of Education in Partial Fulfillment of the Requirements for the Degree of Doctor of Philosophy in Education Kathmandu University, Dhulikhel, Nepal, January 2014* ***Daly, A.***

***(2016)****Chapter- Article 15 The Right to Freedom of Association and toFreedom of Peaceful Assembly, in Alen A., Lanotte J.V. et. al edited A commentary on the United Nations Convention on the Rights of the Child, Brill Nijhoff, Leiden, Boston.*

**Detrick, S. (1999),***A commentary on the United Nations Convention on the Rights of The Child*, Kluwer Law International, Martinus Nijhoff Publishers, The Hague, Boston, London

*General Comment No. 12 (2009) The right of the child to be heard*, **Committee on the Rights of the Children, United Nations**, Geneva, Switzerland. *General comment No. 14 (2013) on the right of the child to have his or her best interests taken as a primary consideration (art. 3, para. 1)*, **Committee on the Rights of the Children, United Nations**, Geneva, Switzerland. *General comment No. 17 (2013) on the right of the child to rest, leisure, play, recreational activities, cultural life and the arts (art. 31),***Committee on the Rights of the Children, United Nations**, Geneva, Switzerland. *Girl's education club/Child clubformation guidelines (2010),***Ministry of General Education Sudan and UNICEF.** *Guidelines on Freedom of Peaceful Assembly*, **OSCE Office for Democratic Institutions and Human Rights (ODIHR) 2010**, Warsaw, Poland **Rajbhandary, J., Hart, R., & Khatiwada, C. (1999).** *The children's clubs of Nepal: A Democratic experiment.* Kathmandu: Save the Children, Kathmandu.

**Rajbhandary, J., Hart, R., & Khatiwada, C. (2002).***The children's clubs of Nepal: An assessment of a national experiment in children's democratic development*. Save the Children, Kathmandu.



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

**खण्ड ख :**

# छेडागाड नगरपालिकाको बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४

**प्रस्तावना**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठनस्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल समूह गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागु गर्न गराउन, नगरपालिकालाई सहयोग पुगोस भन्ने उद्देश्यले नपे ाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस निर्देशिकाको नाम "बाल समूह गठन तथा सहजीकरण निर्देशिका,२०७४" रहेको छ ।

२) यो निर्देशिका छेडागाड नगरपालिकामा सवै अवलम्बन अवलम्वन गर्नुपर्नेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

(क) नगरपालिका भन्नाले छेडागाड नगरपालिका र त्यस अन्तर्गत रहने वडा कार्यालयलाई जनाउनेछ ।

(ख) सेवा प्रदायक कार्यालय : नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकामा अन्तर्गत नगरपालिकामा सेवा प्रवाह गरिरहेका कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई जनाउनेछ ।

(ग) बाल समूह :भन्नाले यस निर्देशिका बमोजिम गठन भई नगरपालिकामा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संगठनलाई जनाउनेछ ।

(घ) बाल सञ्जाल :भन्नाले यस निर्देशिका बमोजिम गठन भएका बाल समूहहरूको सञ्जाललाई जनाउनेछ ।

(ङ) विशिष्टीकृत बाल समूह :भन्नाले विश्वव्यापी प्रचलनमा रहेका विधि तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहमा आवद्ध बाल समूहलाई जनाउनेछ । जस्तो : जुनियर रेडक्रस, राष्ट्रिय रोट्याक्ट क्लव, लियो क्लव, रेयुकाई समूह जस्ता विशेष समूहलाई जनाउनेछ ।

(च) सहजकर्ता : भन्नाले बाल समूहको गठन तथा सञ्चालनमा सहयोग तथा सहजीकरण गर्नका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई जनाउनेछ ।

(छ) सहयोगी संस्था :भन्नाले नगरपालिकामा बाल समूह सञ्चालनमा सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका सम्बन्धित निकायबाट अनुमति प्राप्त नेपालमा दर्ता गैरसरकारी संस्थाहरूलाई जनाउनेछ ।

(ज) सामाजिक परिचालक :भन्नाले नगरपालिकामा समुदाय परिचालनको काममा क्रियाशिल तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, गरिवी निवारण जस्ता कुनै कार्यक्रम सञ्चालन गर्न नियुक्त सामाजिक परिचालकलाई जनाउनेछ ।

(झ) संरक्षक शिक्षक :भन्नाले विद्यालयमा बाल समूहलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

**३. निर्देशिकाको उद्देश्य**

यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) बाल समूहहरूको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

(ग) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) स्थानीय विकासका हरेक प्रक्रियामा सार्थक वाल प्रतिनिधित्व मार्फत वालमैत्री पुर्वाधार विकासमा टेवा पुऱ्याउने ।

**४. निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ ।**

(क) नगरपालिकामा बाल समूह/सजांल गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु स्थानीय सरकारको दायित्व हुनछे ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(ख) बाल सहभागिता तथा बाल समूह सहजीकरणमा क्रियाशिल राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरूले यस निर्देशिकाको अवलम्बन गर्नु गराउनु उनीहरूको जिम्मेवारी हुनेछ ।

(ग) विशिष्टीकृत बाल समूहहरूको सन्दर्भमा यो निर्देशिका लागू हुनेछैन ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद २ : बाल समूहको गठन प्रक्रिया

**५. बाल समूहका किसिम :**

(१) बाल समूह सामान्य अवस्थामा २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल समूह मानिनेछ ।

(२) सबै बाल समूहहरू नगरपालिकामा अनिवार्य सूचीकृत र नवीकरण हुनुपर्नेछ ।

(३) एक विद्यालयमा एक बाल समूह रहनेछ । विभिन्न उमेर र विषयगत बाल समूहहरू सोही बाल समूह अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

(४) विद्यालयस्तरका वाल उपसमुह गठन गर्दा तीन वटा उमेर समूहका (५ देखि ११ वर्ष उमेरसमूह, १२ देखि १५ वर्ष उमेर समूह र १६ देखि १८ वर्ष उमेर समूह) आधारमा छुट्टाछुट्टै गठन गर्नुपर्नेछ । तर समुदायस्तरका वाल समुह गठन गर्दा ५ देखि १८ वर्ष उमेर समुहको एउटै वाल समुह गठन गर्न वाधा पर्ने छैन् ।

(५) बाल समूह सामान्यतया ५ प्रकारका हुनेछन् :

(क) समुदायमा आधारित बाल समूहहरू देहाय अनुसार हुनेछन :

(अ) समुदायमा आधारित बाल समूह निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहहरु भनिनेछ ।

(आ) यस्ता बालसमूहहरु कुनै टोल, बस्ती, वडा भित्र बाल समूह गठन गर्न सकिन्छ ।

(इ) यस्ता बाल समूहले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नपु र्नेछ ।

(ई बाल समूहमा उक्त क्षेत्रभित्र सामान्यत ६ महिना वा सो भन्दा वढि स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

(ख) विद्यालयमा आधारित बाल समूहहरू देहायका आधारका बाल समूहहरु हुनेछन :

(अ)कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहलाई विद्यालयमा आधारित बाल समूह भनिनेछ ।

(आ) सम्बन्धित विद्यालय भित्रका सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थावाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

(इ) बाल समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनु पर्दछ ।

(ग) विषयगत बाल समूहहरू देहाय अनुसार हुनेछन :

(अ) विषयगत रुपमा निश्चित विषयहरू: बालिकाहरूको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल समूहहरू गठन गर्न सकिनेछ ।

(आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बाल समूहलाई विषयगत बाल समूह मानिनेछ ।

(इ) विद्यालयभित्र यस्ता बाल समूह गठन भएमा उक्त समूहलाई विद्यालय स्तरीय बाल समूहकै उपसमूह मानिनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(घ) देहाय अनुसारका बालसमूह विशिष्टीकृत बाल समूह रहनेछन :

(अ) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकार, प्रान्तीय सरकार र नगरपालिकाका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल समूह गठन गर्न सक्नेछन् ।

(आ) यस्ता बालसमूहहरुको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन् ।

(ङ) बाल समूह सञ्जाल देहाय अनुसार गठन गर्न सकिनेछ :

(अ) नगरपालिकामा सूचीकृत भएका बाल समूहहरू एक आपसमा भेला भई एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामूहिकीकरण गर्न बाल समूह सञ्जाल गठन गर्न सक्नेछन ।

(आ) यसरी बाल समूह सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित गर्न सकिनेछ ।

**६. बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण:**

(१) बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रकृया पूरा गर्नु पर्नेछ ।

(क) समुदायमा आधारित बाल समूह गठन गर्न चाहने व्यक्ति, समूह तथा संगगठनले बाल समूह गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यनू तम दश दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुला सूचना दिनुपर्नेछ ।

(ख)यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरूमा समेत दिनुपर्नेछ ।

(ग)सूचना उपलब्ध गराउने विधिमा नगरपालिका वा तिनका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

(घ)बाल समूह गठन गर्ने भेलामा सामान्यतया २५ जना बालबालिकाको उपस्थिति हुन पर्नेछ ।

(ङ)यस्तो भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ ।

(च)भेलामा छलफलका विषयहरु :बालअधिकारको अवधारणा, बालसहभागिताको अधिकार, बालसहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, नगरपालिकामा बाल समूह गठन गर्नुको कारण र योजना, बाल समूहको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन ।

(छ)यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ । यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ ।

(ज)भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिंग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ ।

(झ)विद्यालयमा आधारित बाल समूह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनुपर्दछ । एवं भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(ञ) विषयगत बाल समूह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

**७. नेतृत्व चयन :**

(१)दफा ६ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमति भएमा देहायकाको आधारमा बाल समूहको नेतृत्व चयन गर्न सकिने छ । कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकामाझ छलफल गरी तय गर्नुपर्नेछ :

(क) बहुपदीय नेतृत्व : बाल समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्व : बाल समूहमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिँदै जाने ।

(ग) संयोजन समूह : बाल समूहमा निश्चित संख्यामा संयोजन समूह बन्ने । बाल समूहको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्ने जिम्मेवारी तोक्ने ।

(२) बाल समूहको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(३) बाल समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन् । यस्तो उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य रहनेछन् ।

(४) बाल समूहको नेतृत्वमा ५० प्रतिशत बालिका, समग्रमा १० प्रतिशत दलित बालबालिका र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका सदस्यहरूका लागि सिट संख्या आरक्षित गर्नुपर्नेछ ।

(५) बाल समूहको पदाधिकारीमा बालक र बालिकाको संख्या बराबरी छान्नु पर्नेछ ।

(६) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाउने छैन्न । तर बाल समूहका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ

(७) समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ भने विद्यालयमा आधारित बाल समूहको नेतृत्व परिवर्तन हरेक वर्ष गर्नु पर्नेछ ।

(८) एकै व्यक्ति बाल समूहको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाधक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

(९) ८वर्ष भन्दा कम उमेर समूहका बालबालिकालाई बाल समूहको नेतृत्वमा रहने छैन्न ।

(१०) बाल समूहका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछ :

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।

(घ) नेतृत्व गर्न चाहनेहरूमाझको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।

(ङ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू मध्यबाट मतदान प्रक्रियावाट चयन गर्नुपर्नेछ। मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्तावाट गर्नु पर्नेछ । मतदान प्रक्रियामा जाँदा व्यक्तिगत प्रचारप्रसार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ ।

**८. सञ्जालहरूको गठन :**

(१) बाल समूहहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल समूह सञ्जालको गठन गर्न सकिनेछ । :



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(२) बाल समूह सञ्जाल वडा स्तर, गाउँ स्तर र नगर स्तरका हुनेछन् । नगरपालिकामा आवश्यकता महसुस भएमा जिल्ला तहमा पनि बाल समूह सञ्जाल गठन गरी सञ्चालन गर्न सकिनेछ ।

(३) बाल समूह सञ्जाल गठन गर्नका लागि (गाउँ वा नगर र वडा) तहमा बाल समूहहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल समूहहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ। सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल समूहको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(५) बाल समूहका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ ।

(क) आफ्नो बाल समूहमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल समूहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(६) बाल समूहले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउन ु पर्नछे ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल समूह प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नछे ।

(८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हनेुछ । सञ्जालको नतेृत्वको पनु :गठन प्रत्येक वर्ष गर्नुपर्नछे ।

**९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापनः**

(१) बाल समूह तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाभm अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समभmदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४)बालबालिकामाभm हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

**१०. आवद्धता तथा सूचीकरणः**

(१) समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको एक महिनाभित्र गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचीकृत गनु पनेछ। वडा कार्यालयमा सूचीकृत

भएका वाल समुह/संजालको विवरण वडा कार्यलयवाट नियमित रुपमा गाँउपालिका तथा नगरपालिकामा पठाउनु पर्नेछ ।

(२) विद्यालयमा गठन भएका बाल समूहको आवद्धता स्वयं विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आवद्धता स्थानीय गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ ।

(३) बाल समूह सूचीकरण हुँदा समूहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र आवद्द निकाय खुलाइएको हनु पुर्नेछ ।

(४)सूचीकृत बाल समूहहरू हरेक वर्ष अद्यावधिक गर्न सकिने छ । यसरी अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र बाल समूहले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्यप्रगति संलग्न गर्नु पर्नेछ ।

(५) विद्यालयमा आधारित बाल समूहले अद्यावधिकको लागि निवेदन दिँदा सम्बन्धित विद्यालयको सिफारिशपत्र संलग्न गर्नु पर्नेछ ।

(६) आवद्धता तथा सूचीकरणका लागि बाल समूहको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्ने छन । बाल समूहको नाम त्यसै क्षेत्रको अर्को बाल समूहको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन ।

(७) बाल समूहको नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन ।

(८) बाल समूहको सूचीकरण तथा नवीकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति प्रदान गर्नु पर्नेछ ।

(९) सूचीकृत तथा नवीकरण भएका बालक्लबको प्रतिवेदन नगर कार्यपालिका लगायत बालअधिकार संरक्षणको क्षेत्रमा कार्यरत अन्य सरकारी निकायमा पठाउनु पनर्छे ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ३ : सहजकर्ता सम्बन्धी व्यवस्था

**११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू:**

(१) बाल समूहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थिति मान्य हुनेछैन ।

(२) प्रत्येक बाल समूहको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुने छ ।

(३) सहजकर्ताले बाल समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरू सुझाउने तथा श्रोतमा उनीहरूको पहुँच बनाउन सहयोग गर्नु पर्नेछ ।

(४) बाल समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति सहजकर्ता व्यक्ति, संस्था वा निकाय नैतिक जिम्मेवारी रहनेछ ।

(५) सहजकर्ताको छनौटमा बाल समूहको सहमति र स्वीकार्यता अनिवार्य रहनेछ ।

(६) एक सहजकर्ता व्यक्ति वा समूहले अधिकतम दश वटा बाल समूहलाई सहयोग पुर्‍याउन सक्नेछ ।

**१२. वयस्क सहजकर्ताको चयन**

(१) वयस्क सहजकर्ताको चयन बाल समूह गठन गर्न तथा बालबालिकाको समूहको गतिविधि प्रवर्द्धन र सहजीकरण गर्न नगरपालिकाले नियुक्त गर्नेछ । यसरी सहजकर्ता चयन गर्दा बाल समूहको सहमति अनिवार्य हुनेछ ।

(२) वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल समूहसँग कुनै पारिश्रमिक लिन सकिने छैन । तर सहयोगी संस्था वा नगरपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्नेछैन ।

(३)विद्यालयमा आधारित बाल समूहको सहजकर्ता शिक्षकहरूमध्येबाट, समुदायमा आधारित बाल समूहको सहजकर्ता स्थानीय बालसंरक्षण समिति वा बालमैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

(४) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ ।

**१३. बाल समूहको सहजकर्ता हुनका चाहिने योग्यता**

(१) बाल समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ

(क) बाल समूहका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

(ख) वयस्क सहजकर्ता न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ३० वर्ष उमेर समूहको व्यक्ति हुनेछ । तर विद्यालय शिक्षकको हकमा भने उमेर हद लागु हुने छैन ।

(ग) बालअधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको ।

(घ) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको ।

(ङ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।

(च) बालबालिकाविरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिवद्ध भएको ।

(छ) कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सक्रिय जिम्मेवारीमा नरहेको ।

(ज) फौजदारी अपराधमा संलग्न नभएको ।

(झ)स्थानीय समुदायमा बसोबास भएको ।

(ञ) मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको ।

(च) यसरी सहजकर्ता छनौट गर्दा उल्लेखित योग्यता पुगेका मध्येबाट बाल समूहका पूर्वसदस्य भएका व्यक्तिहरूलाई प्राथमिकता दिन सकिने छ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

**१४.वयस्क सहजकर्ताको भूमिका र सीमितता**

(१) स्थानीय वयस्क सहजकर्ता बालअधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र दफा १३ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन् र यस्ता वयस्क सहजकर्ताले बाल समूहमा देहायका भूमकाहरू निवार्ह गर्नु पर्नछे :

(क) बाल समूहको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजीकरण

(ख) बाल समूहलाई स्थानीय सरोकारवाला निकायहरूसँग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।

(ग) बाल समूहले गर्ने कार्यक्रमहरूका लागि स्थानीय श्रोतहरू जुटाउन सहयोग गर्ने ।

(घ) बाल समूहका सामग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने ।

(ङ) बाल समूहका सदस्यहरूमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने ।

(च) बाल समूह र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने ।

(छ) बाल समूहलाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।

(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, बाल समूह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।

(झ) बाल समूहका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनुपरेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

(२) वयस्क सहजकर्ताले बाल समूहको सहजीकरण गर्दा गर्न नहुने कार्यहरु :

(क) बाल समूहको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

(ख) बाल समूहको योजना आफैले बनाउने, निर्णयहरू आफैले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने ।

(ग) बाल समूहलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।

(घ) बाल समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।

(ङ) बाल समूहका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने ।

(च) बाल समूहका सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

(छ) बाल समूहका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।

(ज) बाल समूहका सदस्यहरूलाई एक अर्काविरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।

(झ) बाल समूहका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।

(ञ) बाल समूहका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

(३) सहजकर्ताले नियम १४ (२)मा उल्लेखित व्यवहार तथा गतिविधि गरेमा आवश्यक प्रमाण सहित सम्बन्धित गाउँकार्यपालिका वा नगर कार्यपालिका वा सहयोगी संस्था वा विद्यालयमा सरोकारवाला जो कोहीले उजुरी दिन सक्नेछन । उल्लेखित गर्न नहुने व्यवहारको सम्वन्धमा सहजर्कता नियुक्ति गर्ने संस्थाले त्यस्ता व्यक्तिसँग अग्रिम प्रतिवद्धता लिन सक्नेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(४) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई चेतावनी दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारवाही गरी पदबाट हटाउने कार्य नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ ।

(५) उजुरीका छानविन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाई र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिनेछैन ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ४ : बाल समूहको बैठक तथा कार्यक्रम सम्बन्धीव्यवस्था

**१५. नियमित बैठक तथा छलफलका विषयहरू:**

(१) बाल समूहको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) बैठकमा वयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन।

(४) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ।

(५) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछः

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(ख) बाल समूहका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा

(ग) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि

(घ) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु।

**१६. कार्यक्रम योजना निर्माण:**

(१)देहायका अवस्थालाई ध्यान दिइ बालबालिका सम्बन्धी योजना निर्माण गर्नु पर्ने छ।

(क) बाल समूहको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्ने छ। यसरी योजना निर्माण गर्दा मासिक एउटा कार्यक्रम राख्नु पर्नेछ।

(ख) बाल समूहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ।

(२) बाल समुहको कायर्क्रम मूलतः दहे ायको विषयमा केन्द्रीत हुनु पर्नेछ।

(क)बालअधिकारको प्रचार प्रसार : बालबालिकाले नगरपालिकामा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चत्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बालअधिकारका बारेमा प्रचार प्रसार गर्ने।

(ख)बालअधिकार अनुगमन : बाल समूहहरूले आफ्नो क्षेत्रका विभिन्न नगरपालिकामा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्थाको अनुगमन गर्न सक्ने छन्। बाल समूहले अनुगमनबाट देखेका विषयहरु विद्यालय व्यवस्थापन समिति, गाउँपालिका तथा नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, बालसंरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्नेछन्।

(३) सेवाका लागि सम्प्रेषण र सुझाव : बाल समूहहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास र संरक्षणमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू : बाल समूहहरूको सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्ते पत्रिका, वक्तित्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु।

(५) सामुदायिक स्वयंसेवा :



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

लेखापढी मुद्रण उपशाखा कार्कीगाउँ

(क) बाल समूहका १४ वर्षभन्दा माथि बालबालिकाले सुरक्षित ढंगले वयस्कहरूको साथमा गर्ने सामुदायिक स्वयंसेवाका कार्यहरु ।

तर यस्तो सामुदायिक स्वयंसेवा कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुने छैन ।

(ख) सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नछे ।

(ग) प्रचलित कानूनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्नेछैनन् ।

(६) निर्णय प्रक्रियालाई प्रभावित पार्ने : बाल समूहहरूले सामूहिक रुपमा वा प्रतिनधि मार्फत् बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू ।

**१७. बाल समूहले सञ्चालन गर्ने नसक्ने कार्यक्रमहरूको सीमाः**

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(२) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउने कार्य ।

(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू ।

तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(६)उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

(७) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।

(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(१०) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, स्थानीय बालसंरक्षण समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा गाँउपालिका/नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

## परिच्छेद ५ : बाल समूहको सदस्यता सम्बन्धी व्यवस्था

### १८.सदस्यता वितरण र व्यवस्थापन

(१) बाल समूहले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्नसक्ने छ । बाल समूहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका हुनुपर्दछ ।

(२) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल समूहले सदस्य बनाउनुपर्दछ ।

(३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दवाब दिन पाइनेछैन ।

(४) सदस्य नभएकै कारण बाल समूहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन पाइनेछैन ।

(५) सदस्यहरूको अभिलेख बाल समूहले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ :

(क) बालबालिकाको नाम, थर,

(ख) ठेगाना,

(ग) उमेर, लिंग, (विद्यालयमा भए कक्षा),

(घ)अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

(६) बाल समूहले आफ्नो सदस्यलाई सदस्यता-पत्र पनि वितरण गर्न सक्नेछ ।

(७) बाल समूहका सदस्यहरूका लागि न्यूनतम सदस्यता शुल्क तोक्न सकिनेछ । तर कुनै बालबालिकाले केही कारणवश सदस्यता शुल्क तिर्न नसकेकै कारणले उसलाई सदस्य बन्नबाट रोक्न सकिनेछैन ।

(८) बाल समूहका सदस्यहरूले तिर्ने सदस्यता शुल्क वा नवीकरण शुल्क न्यून र स्थानीय अभिभावकहरूको क्षमताले धान्न सक्ने हुनुपर्नछे ।

(९) बाल समूहमा विभिन्न श्रोतबाट जम्मा हुन आएको रकमको संरक्षण विद्यालय व्यवस्थापन समिति वा स्थानीय बालमैत्री शासन समन्वय समिति वा वयस्क सहजकर्ताले पारदर्शी ढंगले राख्नु पर्नेछ ।

### १९. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन

(१). बाल समूहका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन् भन्ने मान्यता बाल समूहको नेतृत्व गर्ने समूहले राख्नुपर्दछ । बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनु पर्नेछ ।

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

(ख) आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

(ग) बाल समूहको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तार्स गँ आफलू ेक े कस्ता सवाल उठाउन े भनि छलफल र परामर्श गर्नुपर्नेछ ।

(घ) बाल समूहका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । प्रतिवेदन लेखेर बाल समूहको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

### २०. सदस्यबीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरण

सामान्यतया बाल समूहमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्बन गरी समाधान गर्न सकिनेछ :



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(१) बाल समूहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

(२) बाल समूहको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नु पर्दछ ।

(३) बाल समूहका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनु पर्नेछ । कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिने ।

(ख) बालअधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

(ग) बाल समूहले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने ।

(घ) बाल समूहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू छनौट नगर्ने ।

(ङ) समुदाय र समुदायका अन्य संस्थाहरूसँग द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरू नगर्ने ।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरू नगर्ने ।

(छ) अन्य बाल समूह वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

(४) बाल समूहका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनुपर्नछे । यसका लागि देहायका कार्यहरू गर्न सकिनेछ ।

(क) सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने ।

(ख) फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न  लगाउने ।

(ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बाल समूहको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल समूहले गतिविधि सञ्चालन गर्ने ।

(५) बाल समूहका सदस्यहरूमाझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा फरक धारणा भएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ ।

(क) बाल समूहका सदस्यहरूमाझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

(ख) बाल समूहका सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।

(ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल समूहको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित फरक मतमा अध्ययन गरी निर्णय प्रदान गर्ने ।

(६) बाल समूहभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नछे ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ६ : बाल समूहको आर्थिक कोष व्यवस्थापन तथा सहायता

### २१. आर्थिक व्यवस्थापन

(१) बाल समूहको आर्थिक कोषमा देहायको रकम रहनेछ ।

(क)स्वेच्छिक रुपमा उठेको सदस्यहरूको नवीकरण वा मासिक शुल्क,

(ख) चन्दा तथा सहयोग,

(ग) संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

(ङ) नगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,

(च) स्थानीय समूह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता र

(छ) यस्तै अन्य आय ।

(२) बाल समूहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्ने छ । बाल समूहका लागि सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न सकिनेछ ।

(३) बाल समूहको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार हुनेछ । साथै बाल समूहलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिने छैन ।

(४) बाल समूहले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत संकलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन । यस्ता कृयाकलापमा देउसी-भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन । यस्ता कार्यक्रम आयोजन हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

(५) बाल समूहले संकलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिमा मात्र खर्च गर्न सकिनेछ । यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता, आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउने गरी खर्च गर्न पाइने छैन ।

(६) बाल समूहको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बाल समूहको बृहत गतिविधि सञ्चालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बाल समूहबाट अनुमोदन गराउने तथा दुई हप्ता भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ७ : बाल समूह र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

### २२. वडासँगको सम्बन्ध र सहकार्य

(१) सबै बाल समूहहरू आफ्नो वडा कार्यलय वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रकृयामा सूचीकृत तथा नवीकरण हुनेछन ।

(२) स्थानीयतहले आफ्नो क्षेत्रभित्रको बाल समूहको विवरण अद्यावधिक गर्ने र सरोकार निकायमा आदान प्रदान गर्न सक्नेछन् ।

(३) स्थनीयतहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल समूहका गतिविधि, बाल समूह र सहजकर्ताको प्रशिक्षण तथा बाल समूह प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरू राख्न सक्नेछन् ।

(४) बाल समूहले स्थानीयतहसँग स्थानीय विकासका कृयाकलापहरुमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरूको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरूका  अनुगमन गर्ने हुनेछन ।

(५) बाल समूहले स्थानीयतहसँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ ।

(६) बाल समहू ले हरेक वर्ष आफुले सम्पादन गरेका कायर्त्र्कमहरूको  सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा स्थानीयतहलाई उपलब्ध गराउनुपर्नेछ ।

### २३. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्य

(१) नगरपालिकामा रहेका वडा बाल संरक्षण समिति,गाउँ/नगर बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ/नगर शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, गाउँ/नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन ।

(२) यी समितिहरूमा बाल समूह वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराउन सकिनेछ ।

(३)यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल समूहसँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावशे गर्न सकिनेछ ।

(४) यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल समूह तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीयतहको योजना प्रक्रियाको पैरवी राख्न सक्नेछन् ।

(५)बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूमा सम्बोधन गर्न सम्बन्धित निकायहरूबीच समन्वय गर्ने तथा बाल समूहका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल समूह पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ ।

### २४. बाल विकास संरक्षणमा विद्यालय व्यवस्थापन समितिको भूमिका

(१) विद्यालयमा रहेका बाल समूहहरू विद्यालय व्यवस्थापन समितिसँग आवद्ध गर्नुपर्ने छ ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण बालबालिकासँग परामर्शमा बाल समूहका गतिविधिलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू राख्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल समूहका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ र यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरु प्रस्तुत गर्न लगाउन सकिनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुनसक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइने छैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली विकास (वालमैत्री शिक्षण विधि),वालमैत्री भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बाल समूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन लिन सकिनेछ ।

**२५. अन्य संघसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिकाः**

(१) नगरपालिकामा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल समूहका प्रतिनीधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२)यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच संचार एवं कार्यक्रमहरुको बारेमा प्रभावकारिताको अनुगमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्नेछन् ।

(३) सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्य तथा बाल समूहसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिनेछैन ।

(४) सेवा प्रदायका निकायहरूले बाल समूहका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिनेछैन ।

(५) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्नेछैनन् । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न वाधा पर्ने छैन ।

(६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्ने गर्न सक्ने छैनन । तर यतायात खर्च र सहायक सामाग्री दिन फरक पर्नेछैन ।

**२६. नगरपालिकाको योजना तर्जुमामा बाल समूह प्रतिनिधित्वको व्यवस्था**

(१) स्थानीयतहबाट हुने योजना निर्माण चक्रमा बाल समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरुलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्नेविषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) गाउँ स्तर/नगर स्तर वा जिल्ला स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिने छ। यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ८ :
## बाल समूहको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

**२७. बाल समूहको सम्मिलन**

(१)दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बाल समूहहरू सम्मिलन हुन सक्ने छन तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल समूहहरू सम्मिलन हुन सक्ने छैनन् ।

(२) सम्मिलनमा जानका लागि चाहने बाल समूहले समूहको सहजकर्ताको उपस्थितिमा सदस्यहरूको भेलाले सम्मेलनमा जाने निर्णय गर्नुपर्नेछ ।

(३) सम्मिलन गर्न चाहने सबै बाल समूहका सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरूको भेला आयोजना गरी माथि दफा ७ मा उल्लेख भएअनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।

(४) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित नगरपालिकामा सम्मिलनको जानकारी गराउनु पर्नेछ ।

(५) यसरी सम्मिलनपछि सम्मिलन भएका बाल समूहको सूचीकरण खारेज हुनेछ र नयाँ बाल समूह सूचीकृत हुनेछ ।

**२८. बाल समूहको विघटन**

(१)बाल समूह देहायको अवस्थामा विघटन भएको मानिनेछ ।

(क) बाल समूह लगातार २ वर्षसम्म नगरपालिकामा अद्यावधिक नभएमा यस्ता बाल समूह विघटन गर्न सकिने छ ।

तर अद्यावधिक नभएका बाल समूहलाई विघटन गर्नुअघि ३ महिनाको समय राखि अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

(ख) बाल समूहका बहुमत सदस्यहरूले बाल समूह बिघटन गर्ने निर्णय गरेमा ।

(ग) विद्यालयले उपयुक्त कारण दर्शाइ विद्यालयमा आधारित बाल समूह बिघटन गर्न सिफारिश गरेमा ।

(घ) आवद्ध स्थानीयतह वा स्थानीयसरकारका सम्बन्धित संस्थाले उपयुक्त कारण देखााइ बाल समूह बिघटन गर्ने निणर्य गरेमा ।

(२) यसरी दफा २८(१) (ग) र (घ) अनुसार बिघटन हुनुपूर्व सार्वजनिक सूचना र बाल समूहका सदस्यहरूसँग छलफल गरिनेछ ।

(३) बिघटन भएका बाल समूह नगरपालिकाको सूचीकरणबाट स्वतः खारेज हुनेछन ।

(४) बिघटन भएका बाल समूहका सम्पत्ति तथा दस्ताबेजहरू सम्बन्धित विद्यालय वा नगरपालिकाले जिम्मा लिनेछ र अर्को बाल समूह गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ९ : विविध

### २९. बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण

(१) बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण लागि देहाय उपाय अवलम्वन गर्न सकिनेछ ।

(क) बाल समूहका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति चयन गरेर ।

(ख) बाल समूह तथा यसका सदस्यहरुले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरेर ।

(ग) बाल समूहले कुनै एक राजनीतिक दल वा समूहसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना नगरेर ।

(घ) बाल समूहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति नबनाएर ।

(ङ) बाल समूहले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

(च) बाल समूहले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

### ३०. बाल समूहभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन

(१) बाल समूह भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय अनुसार गर्नु पर्नेछ ।

(क) बाल समूहले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नु पर्नेछ ।

(ख)बाल समूह तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विषयमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नु पर्नेछ ।

(ग) बाल समूहका सदस्यहरूलाई सामाजिक सदभाव प्रवर्धन गर्न, सबै धर्म, जातजाति र समुदायबीच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न, विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

(घ)बाल समूहको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ ।

(ङ)बाल समूहको बैठकमा संस्कृति छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ ।

### ३१. बाल समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन

(१) बाल समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्वन्धमा देहायअनुसार गर्नु पर्नेछ ।

(क) कुनै पनि बाल समूह गठन गर्नु अगाडि उक्त समुदाय तथा विद्यालयमा बाल समूहको आवश्यकता, अवसर र सम्भावनाहरूबारे अविभावक अनुशिक्षण आयोजना गर्नु पर्नेछ ।

(ख) बाल समूहले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्धन नगर्न सक्छन, त्यस्ता बाल समूहको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ ।

(ग) बाल समूहका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न विद्यालय, गाउँ कार्यपालिका/नगर कार्यपालिका वा तिनका वडा कार्यालय, नागरिक सूचना केन्द्रहरूमा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(घ) सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रुपमा उल्लेख गरी रजिष्टरमा अभिलखे ीकरण गर्नुपर्नछे ।

(ङ) प्राप्त सुझावहरूलाई सहजकर्ता र बाल समूहका प्रतिनिधिहरू बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल समूहका गतिविधिहरूमा सुधार गर्नुपर्नेछ । तर सुझाव वा गुनासाको आधारमा मात्रै बाल समूह विघटन गर्ने वा बाल समूहका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिनेछैन ।

(च)विद्यालयमा आधारित बाल समूहका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सभु ाव दिन सक्नछे छन् ।

**३२. बाल समूहका क्रियाकलापलाई एकरुपता**

(१) नगरपालिकाले सवै वाल समूह तथा सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसूचि १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फारम तथा ढाँचा प्रयोगमा ल्याउन सक्नेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## अनुसूचीहरू

## अनुसूची १ : बाल समूहको नियम ढाँचा

क) बाल समूहको परिचय
नाम :
ठेगाना :
सूचीकरण नम्बर :
ख) बाल समूहको उद्देश्य र विषयहरू
१.
२.
३.
४.
ग) बाल समूहको संगठन
१. सदस्य बन्ने तरिका
२. नेतृत्व चयन गर्ने तरिका
३. विघटन हुने अवस्था
४. सदस्य बन्न नपाउने व्यक्तिहरू
५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरू
घ) बाल समूहका सदस्यले पालन गर्नुपर्ने नियमहरू
१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरू
२. नेतृत्वमा निर्वाचित भएपछि पालन गर्ने नियमहरू
३. बैठकमा पालन गर्ने नियमहरू
४. अन्य बाल समूहका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरू
ङ) बाल समूहको आर्थिक कोष तथा श्रोत
१. सदस्यता शुल्क
२. नवीकरण शुल्क
३. अन्य सहायता र श्रोतहरू
४. आम्दानी जम्मा गरी राख्ने ठाउँ
५. आम्दानी र खर्च विवरण राख्न तोकिएको व्यक्ति
च) अन्य विषयहरू

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## अनुसूची २
## बाल समूहका लागि आवश्यक आधारभूत सामग्रीहरू

१. बाल समूहको सामग्री राख्नका लागि बाकस वा दराज
२. माइन्युट कपी (निर्णय पुस्तिका)
३. कार्यक्रम विवरण लेख्ने कापी(कार्यक्रम पुस्तिका)
४. बाल समूहको नियम
५. बाल समूहका अध्ययन सामग्रीहरू
६. बाल समूहको आम्दानी र खर्च लेख्ने लेखा कापी (आय- व्यय पुस्तिका)
७. कलम
८. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामग्रीहरू

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

**अनुसूची ३**

**बाल समूह कार्ययोजना फारम**

बाल समूहको नाम :
बाल समूहको ठेगानाः
वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:
सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :
सूचीकरण नं. :............................

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

## अनुसूची ४
## बाल समूह कार्यप्रगति विवरण फारम

बाल समूहको नाम : बाल समूहको ठेगाना:
वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:
सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :
सूचीकरण नं. :............................

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

**अनुसूची ५**

**बाल समूह बैठक माइन्युटको नमूना**

बाल समूहको नाम : ....................................
बैठक संख्याः
बैठक मिति : बैठक स्थानः
वयस्क सहजकर्ताको नाम :

आज मिति .....................मा ..................... बाल समूहको बैठक यस समूहका श्री......................... को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरूवीच तपशिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो ।

**बाल समूहका पदाधिकारीतथा सदस्यहरु**

उपस्थिति
१)...........
२)..........
३)............
४) वयस्क सहजकर्ता :
५) आमन्त्रित (कोही भए)

प्रस्तावहरू
क)
ख)
ग)

निर्णयहरू
क)
ख)
ग)

| |
|---|
| आज्ञाले,<br>नाम<br>प्रमुख प्रशासकीय अधिकृत |

**प्रमाणीकरण मितिः २०७४।१०।०६**

**आज्ञाले**
**सर्वदल शाही**
**निमित्त**
**प्रमुख प्रशासकीय अधिकृत**



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

कार्कीगाउँ नगरपालिका मुद्रण उपशाखा